मितिः २०७९/१२/०८

## विश्व क्षयरोग दिवस (२४ मार्च २०२३) को अवसरमा राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रद्वारा जारी प्रेस विज्ञप्ति

सन् १८८२ मार्च २४ का दिन Dr. Robert Koch ले क्षयरोगको किटाणु पत्ता लगाएका थिए। यसको १०० वर्ष पछि सन् १९८२ मा International Union Against Tuberculosis and Lung Disease (IUATLD) को सिफारिसमा २४ मार्चको दिनलाई क्षयरोगको किटाणु पत्ता लागेको १०० बर्ष पुगेको सन्दर्भ पारी विश्व क्षयरोग दिवसको रुपमा मनाईदै आएकोछ। यस दिन संसारभरी क्षयरोगका कारण अकालमा मृत्यु भएका व्यक्तिहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न, हाल क्षयरोग लागेका व्यक्तिको शिघ्र स्वास्थ्य लाभको कामना गर्न र भविष्यमा यस रोगबाट कसैले पनि मृत्युवरण गर्न नपरोस् भनि प्रतिबद्धता जाहेर गर्न यो दिवस मनाईदै आईरहेकोछ। यस वर्ष विश्व स्वास्थ्य संगठनले "**Yes! We Can END TB!**" भन्ने मूल नारा तय गरेको छ र यस नाराका साथ संसारभरी विश्व क्षयरोग दिवस मनाईदैछ। नेपालमा पनि यो वर्ष "**हो ! हामी क्षयरोग अन्त्य गर्छौं !**" भन्ने मूलनारा तय गरी सप्ताहव्यापी रुपमा क्षयरोग दिवस मनाउने कार्यक्रम रहेको छ।

विश्व स्वास्थ्य संगठनको वार्षिक प्रतिवेदन २०२२ अनुसार सन् २०२१ मा संसारभरी ६० लाख पुरुष, ३४ लाख महिला र १२ लाख वालवालिका गरी करिब १ करोड ६ लाख मानिसहरु क्षयरोगबाट पिडित भएका थिए। क्षयरोग नियमित उपचारले निकोहुने रोग भएतापनि सन् २०२१ मा संसारभरी क्षयरोगका कारण करीव १६ लाख मानिसको मृत्यु भएको अनुमान गरिएको छ ।

नेपालमा पनि हरेक वर्ष नयाँ तथा पुराना गरी करीव १,१७,००० क्षयरोगका बिरामी हुन्छन भने हरेक वर्ष क्षयरोगका ६९,००० नयां बिरामीहरु थपिने र करिव १७,००० जनाको क्षयरोगका कारण मृत्यु हुने अनुमान गरिएको छ । गत आ.व. २०७८/७९ मा नेपालमा ३७,८६१ जना क्षयरोगका बिरामीहरु उपचारमा दर्ता भएका थिए जस मध्ये, ६१.६% पुरुष, ३८.४% महिला र करिब ८.७% बालबालिकाहरु (१५ वर्ष भन्दा कम उमेरका) रहेका थिए भने ९१.५% क्षयरोगका बिरामीको उपचार सफलभइ निको भएका थिए । क्षयरोगका अनुमानित बिरामीको संख्या र उपचारमा आएका बिरामी संख्याको अनुपात हेर्दा हरेक वर्ष झन्डै ३२ हजार क्षयरोगका बिरामीहरुमा रोग पत्ता लगाई उपचारको दायरामा ल्याउन सकिएको छैन। राष्ट्रिय क्षयरोग कार्यक्रमका लागी यो एक चुनौतीको रुपमा रहेकोछ।

नेपालमा औषधी प्रतिरोधी क्षयरोगका अनुमानित बिरामीको संख्या वार्षिक रुपमा करिव २,८०० रहेको छ । यो संख्या, नेपालको कूल जनसंख्याको अनुपातमा अत्यन्त धेरै हो । विश्व स्वास्थ्य संगठनले सन् २०२१ देखि नेपाललाई पनि औषधी प्रतिरोधी क्षयरोगको उच्च प्रकोप भएका ३० देशको सूचीमा समावेश गरेको छ । आ.व. २०७८/७९ मा राष्ट्रिय क्षयरोग कार्यक्रममा ९४२ जनामा औषधी प्रतिरोधी क्षयरोग पहिचान भएको थियो भने ६५९ जना मात्र उपचारमा दर्ता भएका थिए । यसरी अनुमानित औषधी प्रतिरोधी क्षयरोगका बिरामी र रोग पत्ता लागी उपचारमा आएका बिरामीको संख्या हेर्दा २,१०० जना भन्दा बढी औषधी प्रतिरोधी क्षयरोगका व्यक्तिहरुको रोग पत्ता लगाई उपचारमा ल्याउन नसक्दा क्षयरोग कार्यक्रममा थप चुनौती देखिएकोछ ।

समग्रमा, यी सबै चुनौतीहरुको सामना गरी क्षयरोग अन्त्यको लक्ष्य प्राप्त गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले क्षयरोग प्रिभ्यालेन्स सर्वेक्षणको दिशा निर्देश र विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको क्षयरोग अन्त्यका रणनीतिलाई निर्देशक सिद्धान्त मानी पञ्चवर्षीय रणनितिक योजना २०७८/७९ - २०८२/८३ तयार गरी कार्यान्वयन भईरहेकोछ।

यस रणनीतिक योजनाले, स्वास्थ्यसेवा प्रणालीको सुदृढीकरण गरी स्वास्थ्यमा सर्वव्यापी पहुँचका लागि गुणस्तरीय क्षयरोग सेवाको विस्तार, मेडिकल कलेज, निजी स्वास्थ्य संस्था तथा स्वास्थ्य विज्ञान प्रतिष्ठान जस्ता प्राज्ञिक संस्थाहरुसँग साझेदारीको विकास, राष्ट्रिय क्षयरोग प्रेषण प्रयोगशालाको सुदृढीकरण, प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको गुणस्तर सुनिश्चतता, देशका विभिन्न स्थानमा क्षयरोग प्रेषण प्रयोगशालाको स्थापना, जिनएक्सपर्ट र माईक्रोस्कोपिक केन्द्रहरुको रणनीतिक रुपमा विस्तार, स्वास्थ्य संस्थामा आधारित उपचार पद्धतिको सुदृढीकरण तथा समुदाय र परिवारमा आधारित डट्स सेवाको विस्तार, केन्द्रिय स्तरमा निर्माण सम्पन्न भएको छाती रोग अस्पतालको सञ्चालन, ७ वटै प्रदेशमा क्षयरोग उपचार तथा प्रेषण व्यवस्थापन केन्द्रको स्थापना र क्षयरोग रोकथाम तथा उपचारसेवाको विस्तार, तथा स्वास्थ्य संस्थाहरुमा, क्षयरोगका बिरामीको विस्तृत विवरणमा आधारित विद्युतीय निगरानी प्रणालीलाई

सुदृढीकरण गर्दै जाने जस्ता रणनीति अंगिकार गरेको छ । यी रणनीतिहरुलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्नका लागि १० वटा कार्यनीतिहरु तय गरिएकाछन् । जसमध्ये क्षयरोग मुक्त नेपाल अभियानलाइ स्थानीयतहको स्वामित्व तथा समुदायको संलग्नतामा सुदृढीकरण गर्ने कार्यनीति एक प्रमूख कार्यनीति हो ।

क्षयरोग मुक्त नेपाल अभियानले क्षयरोग कार्यक्रमलाइ, राजनीतिक प्रतिबद्धता, समुदायको संलग्नता, अपनत्व र नेतृत्व विकास, गैह्रसरकारी र निजी क्षेत्रको सुदृढीकरण, स्थानीय श्रोतको परिचालन र एकीकृत कार्यक्रमको रुपमा सञ्चालन गरी प्रत्येक स्थानीय तहलाई क्षयरोग मुक्त घोषणा गर्दै क्षयरोग निवारणका लक्ष्यहरु हासिल गर्ने उद्देश्यका साथ विभिन्न क्रियाकलाप संचालन गर्दै आएको छ । गत आ.व. २०७८/७९ मा २५ वटा स्थानीय तहमा क्षयरोग मुक्त अभियानका क्रियाकलापहरु सञ्चालन भएका थिए । चालु आ.व. २०७९/८० मा थप १०० स्थानीय तहमा कार्यान्वयनगरि यस अभियानलाई आगामी ४ वर्ष भित्रमा ७५३ वटै स्थानीय तहमा विस्तार गर्ने योजना रहेकोछ ।

समुदायमा अझै पनि क्षयरोगको बारेमा पर्याप्त जानकारी नभएको तथा क्षयरोग व्यवस्थापनमा उनीहरुको संलग्नताको आवश्यकता रहेकोछ । यो अवस्थामा सुधार ल्याउन, २ हप्ता वा सो भन्दा बढी समयसम्म खोकी लागीराख्नु, सांझपख ज्वरो आउनु, तौल घट्दै जानु, खकारमा कहिलेकाहीं रगत देखा पर्नु र खाना खान मन नलाग्नु क्षयरोगका लक्षणहुन भनि जनचेतना जगाउनुपर्ने हुन्छ । यसरी समुदायमा क्षयरोगका बारेमा जनचेतनामूलक सूचना प्रवाह गरी नेपाल सरकारले निशुल्क रुपमा उपलब्ध गराएको क्षयरोगको निदान तथा उपचार सेवाको अधिकतम प्रयोग गरी समयमै क्षयरोग पत्ता लगाउन र सबैलाइ उपचारको दायरामा ल्याउन पत्रकारज्यूहरुको महत्वपूर्ण भूमिका रहेकोछ । आ.व. २०७८/७९ मा राष्ट्रिय क्षयरोग कार्यक्रम अन्तर्गत ८९६ माईक्रोस्कोपिक केन्द्रहरु, ९३ जिनएक्सपर्ट केन्द्रहरु, २ कल्चर तथा डि.एस.टि. र २ LPA केन्द्र मार्फत क्षयरोग निदान सेवा प्रवाह गरिएको थियो भने ५,९७१ डट्स केन्द्रहरु, २२ डी.आर. उपचार केन्द्र, ८१ डी. आर. उपचार उप-केन्द्रहरु र ७ डी.आर. होस्टेलहरु मार्फत क्षयरोको उपचार सेवा प्रदान गरिएको थियो ।

यसका साथै खोजमूलक तथा तथ्यपरक सामाग्रीहरु नियमित रुपमा प्रकाशन गरी आम नागरिकहरुलाई क्षयरोगको निदान तथा उपचार सेवा बारे सुसूचित गराउन पत्रकार मित्रहरुमा अनुरोध गर्दछु र यहाँहरुले निर्वाह गर्नु भएको प्रभावकारी भूमिकाका लागि धन्यवाद दिन चाहन्छु । साथै, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, क्षयरोगका बिरामी, उहांहरुका परिवार लगायत सम्पूर्ण महानुभावहरु तथा संघ-संस्थाहरुलाई क्षयरोग कार्यक्रमलाइ प्रभावकारीरुपमा संचालनगर्न सहयोग गर्नुभएकोमा हृदय देखि धन्यवाद दिन चाहन्छु ।

थप जानकारीका लागि राष्ट्रिय क्षयरोग केन्द्रको वेबसाईट www.nepalntp.gov.np मा हेर्न अनुरोध गर्दछु ।

Naveen

डा. नविन प्रकाश शाह
नि. निर्देशक